गंगादेव गाउपालिका स्तरिय वार्षिक परीक्षा २०८२

कक्षाः८ समयः २ घण्टा पूर्णाङ्कः ५०

विषयः सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा उत्तीर्णाङ्कः १७.५

## समूह (क)

**तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्। ९×१=९**

१) लुम्बिनी प्रदेशमा कति वटा स्थानीय तह छन् ?

२) सामाजिक सद्भाव भन्नाले के बुझिन्छ ?

३) राष्ट्रिय सम्पदाको संरक्षणको लागि एउटा आकर्षक नारा तयार गर्नुहोस्।

४) नेपालमा लिखित संविधानको सुरुवात कहिले बाट भनिएको हो ? उक्त संविधानका नाम लेख्नुहोस्।

५. दाइजो प्रथावोर तपाइँको धारणा एक वाक्यमा लेख्नुहोस्।

६. नकारात्मक सोचले द्वन्द्व कसरी निम्त्याउँछ ? एक वाक्यमा लेख्नुहोस्।

७. वैदेशिक रोजगारी भनेको के हो ?

८. नेपालमा साहसिक पर्यटनको कुनै दुई सम्भावना लेख्नुहोस्।

९. नेपालमा हालसालै घटेको एउटा समसामायके घटना उल्लेख गर्नुहोस्।

## समुह (ख)

**तलका प्रश्न हरुका बोटो स्तर लेख्नुहोस्। ६×३=२१**

१०. पर्यटनको माध्यमबाट नेपालका विकास कसरी गर्न सकिन्छ ? उदाहरणसहित प्रष्ट पार्नुहोस्।

११. हामीले हाम्रा परम्परा र संस्कारको किन संरक्षण गर्नुपर्छ ?

१२- तपाइको समाजमा रहेका सामाजिक समस्याहरू लेख्नुहोस्।

१३. तलको तालिका पुरा गर्नुहोस्।

| वंश | प्रथम राजा | अन्तिम राजा |
|---|---|---|
| गोपाल | | |
| महिषपाल | | |
| किराँत | | |

१४. हावापानीमा परिवर्तन ल्याउने ६ वटा तत्वहरू लेख्नुहोस्।

१५. हिमाली क्षेत्रमा कम जनघनत्व हुनाका ३ वटा लेख्नुहोस्।

१६. साइवर अपराध अन्तर्गत कुन कुन कार्यहरु पर्दछन लेख्नुहोस्।

## समूह (ग)

**तलका प्रसहरुका लामा उत्तर लेख्नुहोस् । ४×५=२०**

१७. सङ्घीय सरकारका कार्यहरु लेख्नुहोस् ।

१८. लोकतान्त्रिक गणतन्त्रको महत्व विषयता एउटा वक्तृत्वको नमूना तयार गर्नुहोस् ।

१९. नेपालमा पर्यटन उद्योगका महत्व लेख्नुहोस् ।

२०. पृष्ठ भरिने गरी नेपालकी नक्सा बनाई निम्न तथ्यहरुलाई उपयुक्त सङ्केतमा देखाउनुहोस्।

(अ) राग ताल (आ) सगरमाथा

सामाप्त